# रोचक घटना नं ३९

# १ शमूएल १३ र १५

शिक्षक साहायता

**कथाको मूख्य सारः इस्राएलीहरूले राजाको माग गरे र परमेश्वरले उनीहरूलाई शाऊल दिनुभयो ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- इस्राएल अरू देशहरू जस्तो होस् भन्ने परमेश्वर चाहानुहुन्न थियो । तर इस्राएल अरू देशहरू जस्तै हुन चाहान्थ्यो र उनीहरूको अगुवाको रूपमा एउटा राजा भएको चाहान्थे । यस बेलासम्म, इस्राएल एक ईश्वरतान्त्रिक देश थियो, जो परमेश्वरको नेतृत्वमा रहेको सरकार थियो । जब इस्राएललाई एक सैन्य अगुवाको आवश्यकता पर्दथ्यो, परमेश्वरले गिदोन र ओत्नीएल जस्ता सैन्य अगुवाहरू खडा गर्नु हुन्थ्यो ।
- हामीले पढेका अघिल्ला विद्रोहहरूः सुनको बाछाको विद्रोह, कादेश बर्नेमा भएको विद्रोह र त्यस विद्रोह जसले विषालु सर्पहरूलाई निम्त्याएको थियो । इस्राएलीहरूले राजाको चाहाना गर्नु पनि परमेश्वरको विरूद्धमा एउटा विद्रोह नै थियो ।
- अन्तिम न्यायकर्ता शमूएललाई परमेश्वरले शाऊललाई देशको पहिलो राजाको रूपमा अभिषेक गर्न लगाउनुभयो । पहिले एउटा निजी समारोह आयोजना गरियो र त्यसपछि सार्वजनिक राज्य अभिषेक भयो ।
- शुरूमा शाऊलले परमप्रभुमा भरोसा राखे । तर त्यसपछि चाँडै, उनले पुजाहारीपनको पवित्रतालाई उल्लङ्घन गरेका छन् (१ शमूएल १३ः९-१३) । शमूएलले यसका लागि शाऊललाई हप्काएका पनि छन् । पश्चात्ताप गर्नुको सट्टामा, शाऊलको विद्रोहले अझै धेरै विद्रोहलाई स्थान दिएको पाईन्छ । उनले परमप्रभुको आदेश अनुसार सबै अमालेकीहरूलाई हटाउन अस्वीकार गरे । त्यसपछि, परमेश्वरले शाऊल अब इस्राएलको नेतृत्व गर्न योग्यको छैन भनि अठोट गर्नु भयो । शाऊल एक खराब मानिस भए । यद्दपि शाउलले इस्राएल माथि निरन्तर शासन गरिरहने छन् तर दाऊद इस्राएलको अर्को हुनेवाला राजा थिए ।
- शुरूमा शाऊल उनको साहस र उदारताको कारणले परिचित थिए । उनी अग्लो र सुन्दर पनि थिए । पछि गएर, उनी रिसाह, ईर्ष्यालु र परमप्रभुको इच्छाको विरूद्ध विद्रोहि भए ।
- परमेश्वर कुनै यस्तो व्यक्तिको खोजीमा हुनुहुन्थ्यो जसले एउटा असल हृदयको साथमा इस्राएलीहरूलाई परमेश्वर तर्फ नेतृत्व गर्नेछ । किनकि शाऊलको शासनकालमा यो कुरा पटक्कै भएन, तर उनले केवल इस्राएलका मानिसहरूबाट सम्मान पाउन चाहे ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारलेः मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्

त्यहाँ आठ वटा आधारभूत अवधारणाहरू छन् जसलाई बाइबल भरी नै जोड दिइएको पाईन्छ । हामीले अघिल्ला पाठहरूमा यी सत्यताहरूको अध्ययन गरेका छौं । बालबालिकाहरूलाई उनीहरूले ती के-के हुन् र प्रत्येकको बारेमा थोरै केहि बताउन सक्नुहुन्छ कि भनि सोध्नुहोस् । ती हुन्:

१. परमेश्वर - शुरूमा, त्यहाँ एक मात्र धेरै शक्तिशाली र अनन्त परमेश्वर हुनुहुन्थ्यो । (पाठ १: अनन्त परमेश्वर; पाठ २७: प्रस्थान)

२. मानिस- परमेश्वरले सबैथोक सृष्टि गर्नुभयो । उहाँले पुरुष र स्त्री दुवैलाई उहाँको असल मित्रहरू हुनका निम्ति आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । (पाठ ३: ब्रम्हाण्डको सृष्टि; ४: मानिसको सृष्टि; पाठ २४: मोशाले उहाँको मानिसहरूलाई नेतृत्व गर्छन् ।)

३. पाप - मानिस र स्त्रीले परमेश्वरको आज्ञा उल्लङ्घन गरे । उहाँले जे भन्नु भएको थियो त्यो उनीहरूले गरेनन् । (पाठ ७: मानविय पापको शुरूवात; पाठ ३३: कादेशमा अविश्वास)

४. मृत्यु - परमेश्वरले पुरुष र स्त्रीलाई तिनीहरूका अनाज्ञाकारिताको दण्ड दिनुभयो । बाइबलमा मृत्युले अलग भएको कुरालाई जनाउदँछ । (पाठ ८: मृत्युको उत्पत्ति; पाठ १६: बाबेलको धरहरा)

५. ख्रीष्ट - परमेश्वरले आफ्नो एक मात्र पुत्र पठाउनुभयो, उहाँको अद्वितीय पुत्र, जसले सिद्ध जीवन जीउनुभयो । (पाठ ९: शैतानमाथि विजयको प्रतिज्ञा)

६. क्रुस - येशू संसारको पापको लागि क्रुसमा मर्नुभयो । (पाठ ११: आवरणको प्रावधान; पाठ ३२: प्रायश्चितको दिन)

७. विश्वास - यदि कसैले ख्रीष्टमा विश्वास गर्छ भने, उसलाई परमेश्वरले स्वागत गर्नुहुन्छ । (पाठ १३: कयिन र हाबिल; पाठ ३४: काँसाको सर्प)

८. जीवन - उहाँमाथि विश्वास गर्नेहरूलाई परमेश्वरले अनन्त जीवन दिनुहुन्छ । (पाठ ५ : स्वर्गमा जीवन; पाठ ३८ : अन्धकारको युगमा चम्किला ज्योतिहरू)

## ३) पाठ सिकाउनुहोस्

केहि व्यक्तिहरूले अरू मानिसहरूलाई हेरेर म ती मानिसहरूको स्थानमा भएको भए असल हुनेथियो भनेर सोच्ने गर्दछन् । तिनीहरूसँग सबै असल थोकहरू छन् । इस्राएलीहरूले पनि राजाहरू भएका आफ्ना वरपरका राष्ट्रहरूलाई हेरेका थिए । इस्राएलीहरूले, पनि परमेश्वरलाई आफ्नो राजा नमानेर अरू राष्ट्रहरू जस्तै मानवीय राजा राख्ने निर्णय गरे । किन इस्राएलीहरूले यस्तो महसुस गरेका थिए भनेर, तपाईंले सक्ने तरिकाहरू के-के हुन् ?

**समीक्षा क्रियाकलाप : आठ आधारभूत सुसमाचारीय सत्यताहरू- एउटा पूर्ण कथा**

शिक्षकले पूरै बाइबल भरी नै यी आठ सुसमाचारको अवधारणामा निरन्तर जोड दिनुपर्दछ । यी कुराहरू बालबालिकाहरूलाई बाइबलमा भएको छुटकाराको कथा बताउनको लागि आधारभूत तथ्यहरू हुन् । हामी नियमित रूपमा यी सत्यताहरूमा जोड दिनेछौं ।

बालबालिकाहरूलाई सोध्नुहोस्, यदि उनीहरूले सोच्न सक्छन् भने यी आठ सुसमाचारका सिद्धान्तहरूलाई हामीले अध्ययन गरिसकेका पहिलो ३८ पाठहरूमा कसरी जोड दिइएको छ ।

## कथा भन्नुहोस्

इस्राएलका मानिसहरूमा वरपरका अरू देशहरूलाई हेर्ने प्रवृत्ति थियो । उनीहरूले तिनीहरूका तरिकाहरू अपनाए, तिनीहरूका स्त्रीहरूसँग विवाह गरे, र तिनीहरूका राजनीति रूचाए । इस्राएल राष्ट्र उहाँको आराधना गर्ने एउटा विशेष जाति भएको परमेश्वर चाहानुहुन्थ्यो तर उनीहरूले भने निरन्तर उनीहरूलाई छुटकारा दिने परमेश्वर भन्दा वरपरका राष्ट्रहरू जस्तै हुने चाहाना गरे ।

यो चाहिँ उनीहरूले एउटा अगुवाको चाहाना गरेको स्थिति थियो । उनीहरूको वरपर भएका धेरै जसो अन्य राष्ट्रहरूमा राजाहरू थिए । त्यसैले, स्वभाविक रूपमा, इस्राएलीहरूले यो देखे र सोचे कि यो उनीहरूको लागि पनि राम्रो हुनेछ । यद्यपि उनीहरूसँग शमूएल जस्ता एक महान् राष्ट्रिय अगुवा थिए र परमेश्वर वास्तव मै उनीहरूका राजा हुनुहुन्थ्यो, उनीहरूले अन्य देशहरूको जस्तै एउटा मानवीय राजाको चाहाना गरे ।

यस कुराले परमेश्वर र शमूएल दुवैलाई दुखित तुल्यायो । जब परमेश्वरले शमूएलसँग यस विषयमा छलफल गर्नुभयो, तब शमूएललाई उनीहरूले परमेश्वरलाई इन्कार गरिरहेकाछन् भन्ने कुरा बताउनु भयो । शमूएलले राजशासनको स्थापना गर्नुपर्ने थियो र परमेश्वरले शाऊललाई इस्राएलको पहिलो राजा हुनको लागि चुन्नुभयो ।

शुरूमा, शाऊलले राम्रो शुरूवात गरेको देखिन्छ । उनी अग्लो, हेर्नमा सुन्दर, नम्र थिए र परमेश्वरसँग डर मान्ने व्यक्ति थिए । तर त्यसको लगत्तै केहि समय पछि उनी आवेगमा आए र पुजारी नभए पनि पुजारीको ठाउँ लिने प्रयास गरे । शमूएलले शाऊललाई यसको लागि हप्काए तर पनि शाऊलको काम गराईमा कुनै परिवर्तन देखिएन । उनले पक्कै पनि आफ्नो हृदय परिवर्तन नगरेको हुनुपर्छ । पछि शाऊल र उनको फौजले अमालेकीहरूलाई हटाउनु पर्ने थियो, जसले इस्राएललाई ३०० वर्ष सम्म बारम्बार विचलित अर्थात् व्याकुल गराएका थिए, तर शाऊलले पूर्ण रूपमा आज्ञापालन गरेनन् । यहि समयमा नै परमेश्वरले निर्धारण गर्नुभयो कि शाऊलसँग यो महान् देशको राजा बन्नलाई चाहिने गुणहरू छैनन् । उनको राज्य शासन उनको परिवारलाई हस्तान्तरण गरिने थिएन । उनको सट्टामा दाऊद नाम गरेका एक जवान केटो अर्को राजा हुनुपर्ने थियो ।

दाऊदलाई राजा हुनको लागि केहि समय लाग्यो । शाउलले इस्राएलमा ४० वर्षसम्म शासन गरे । उनको यस शासन कालमा धेरै जसो समय उनी एउटा तीतोपन भएको मानिस थिए जसले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर आफुले गरेको गल्तीको कहिल्यै पनि पश्चात्ताप गरेनन् । तिनले अर्को राजा दाऊदलाई कम्तीमा दुई पटक मार्ने प्रयास गरे ।

शाऊलको जीवन उनका तीन छोराहरूसँगै दुःखद रूपमा एक रणभूमिमा समाप्त भयो । यो पलिश्तीहरूबाट पराजय भएको एउटा लज्जित लडाइँ थियो । अन्त्यमा, दाऊद इस्राएलका राजा भए । उनको हृदय परमेश्वरतर्फ थियो र दाऊदले गल्ती गरेतापनि आफ्नो पापको लागि पश्चात्ताप गरे, जुन शाऊलले कहिले पनि गरेनन् । जब परमेश्वरले उहाँका मानिसहरूलाई कसैले डोर्याएको चाहानुहुन्छ, तब त्यस व्यक्तिको हृदय नम्र र पस्चात्तापी भएको उहाँ चाहानुहुन्छ ।

### कथा भन्ने क्रियाकलापः जुटाउने रेखा र अनुशासित रेखा

- तपाईंले पढाई रहनुभएको ठाउँमा केहि डोरीका टुक्राहरू राख्नुहोस् । ती डोरीहरूलाई फुटबलको मैदानमा हुने रेखा जस्तो देखिने बनाउनुहोस् ।
- एउटा छेउमा "जुटाउने रेखा" र अर्को छेउमा "अनुशासित रेखा" बनाउनुहोस् ।
- बालबालिकाहरूलाई परमेश्वरको बारेमा उनीहरूको विचार के छ भनि सोध्नुहोस् । के उहाँ धेरै जसो न्यायकर्ता (अनुशासन लगाउने) हुनुहुन्छ वा धेरै जसो जुटाउने हुनुहुन्छ ? अथवा, उहाँ कहीं बीचमा हुनुहुन्छ ?
- बालबालिकाहरूलाई मैदानको कुनै भागमा आफैलाई उभिन भन्नुहोस् र तिनीहरू किन त्यहाँ उभिरहेका छन् भनि जवाफ दिनलाई तयार हुन लगाउनुहोस् ।
- अब, कथा भन्नुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**१ शमूएल १६:७ (टि.बी.एस)** - किनभने परमप्रभुले मानिसले हेरेझैं हेर्नुहुन्न; किनकि मानिसले बाहिरी रूप हेर्छ, तर परमप्रभुले हृदयलाई हेर्नुहुन्छ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति “मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)” बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

एउटा राम्रो समूह छानौं ! १० विभिन्न खेलाडीहरूको चित्र कक्षामा ल्याउनुहोस् जसलाई तपाईंको बालबालिकाहरूले चिन्छन् । उनीहरूलाई भन्नुहोस्: मानौं यी प्रसिद्ध खेलाडीहरू तपाईंको स्कूलमा आज.............खेल्नलाई आएका छन् । एउटा खेल छान्नुहोस् जुन तपाईंका विद्यार्थीहरूले स्कूलमा खेल्न सक्छन्, जस्तै फुटबल वा क्रिकेट । यदि तपाईं आफ्नो समूहको कप्तान हुनुहुन्थ्यो भने, तपाईंले कसलाई पहिले छान्नुहुन्थ्यो होला ? केहि विद्यार्थीहरूलाई जवाफ दिन लगाउनुहोस्, र उनीहरूले किन त्यस व्यक्तिलाई छाने भनी सोध्नुहोस् । उदाहरणको लागि, तिनीहरूले भन्न सक्छन् कि उनीहरूको खेलाडी सबभन्दा राम्रो दौडन्छ, सबभन्दा राम्रो गोलकीपर, वा गोल हान्नमा पोक्त छ । अब सोध्नुहोस्: **“यदि परमेश्वरले एउटा विशेष कामको लागि एउटा समूहको छनोट गरिरहनुभएको थियो भने, कसलाई छान्ने भनि कसरी निर्णय गर्नुहुन्थ्यो होला ? के उहाँले सबभन्दा अग्लो, छिटो दगुर्ने, वा सबभन्दा राम्रो देखिने मानिसहरू हेर्नुहुन्थ्यो ? होइन, परमेश्वरले बाहिरी रूपमा कस्तो देखिन्छन्, वा उनीहरू कत्तिको प्रतिभाशाली छन् भन्ने कुरालाई वास्ता गर्नुहुन्न । उहाँले व्यक्तिको हृदयको र कसरी उनीहरूले उहाँलाई प्रेम गर्छन् र आज्ञापालन गर्छन् भन्ने कुराको वास्ता गर्नु हुन्छ । कुनै व्यक्तिले केहि गल्ती गरेको खण्डमा पश्चात्ताप गर्ने इच्छाप्रति पनि उहाँ रूचि राख्नुहुन्छ । जब परमेश्वरले दाऊदलाई इस्राएलको अर्को राजाको रूपमा छान्नुभयो, तब अरू कसैले पनि उसलाई असल छनोट हो भनि मानेनन् ।”**

“ऊ मात्र एउटा गोठालो केटा थियो !” दाऊदका आफ्नै बुवाले यसो भनेका थिए । तर परमेश्वरले अतीतभन्दा बाहिरको कुरालाई हेर्नुभयो र जान्नुभयो कि दाऊदसँग बलियो र साँचो हृदय थियो । हामी केहि मिनेटको लागि आफ्नै हृदयहरू हेरौं र हामी परमेश्वरको छनोटमा पर्ने व्यक्तिहरू हौं कि होइनौं भनेर नियालौं ।

**कण्ठ पार्ने पदको क्रियाकलाप : वचन लग**

बालबालिकाहरूलाई घर लैजानको लागि एउटा तालिका बनाउनुहोस् जुन तालिकाको बायाँ स्तम्भले आइतवार, सोमबार, मंगलबार, बुधवार, बिहिवार, शुक्रवार र शनिवार देखाउँदछ ।

शीर्षमा, अभ्यास गरेको समय र समीक्षा गरेको समय उल्लेख गर्ने ठाउँ पनि राख्नुहोस् ।

बालबालिकाहरूले प्रत्येक दिन यस कण्ठ गर्ने पदको लागि काम गर्नुपर्ने हुन्छ, जब उनीहरूले यस पदको अभ्यास र समीक्षा गर्छन् तब यस तालिकामा चिन्ह लगाउनुपर्दछ । यस तालिका उनीहरूले अर्को हप्ता आफुसँगै ल्याउनुपर्नेछ ।

यस प्रकारको क्रिया-कलापले पाठको एउटा भागको रूपमा मात्र नभई, हप्ताभरि वचनहरूको स्मरण गर्न र आज्ञाकारी हुनलाई प्रोत्साहित गर्दछ ।

## ४) पाठको समीक्षा गर्नुहोस्

शिक्षकले कक्षालाई दुई समूहमा विभाजन गर्नुपर्ने हुन्छ।

- एउटा समूह "रातो" हुन सक्छ र उनीहरूलाई रातो कार्ड वा कागजका टुक्राहरू प्रदान गर्न सक्नु हुन्छ। अर्को समूह "पहेँलो" हुन सक्छ र उनीहरूलाई पनि पहेँलो कार्ड वा कागजका टुक्राहरू प्रदान गर्न सक्नु हुन्छ।
- प्रत्येक समूहले ३ देखि ५ वटा प्रश्नहरू लेख्नु पर्ने हुन्छ जुन प्रश्नको उत्तर अर्को समूहले दिएको उनीहरू चाहान्छन्।
- हरेक प्रश्न आजको पाठसँग सम्बन्धित हुनुपर्छ।
- प्रश्नहरू लेखेर सकेपछि, अर्को समूहसँग उत्तर दिनको लागि पाँच देखि सात मिनेटको समय हुन्छ। "पहेँलो" समूहले "रातो" समूहको प्रश्नहरूका उत्तर दिनेछन् र "रातो" समूहले "पहेँलो" समूहको प्रश्नहरूका उत्तर दिनेछन्।

## ५) पाठ लागु गर्नुहोस्

शुरूमा शाऊलले सफलताहरू प्राप्त गरे तर पछि उनी परमेश्वरको आज्ञापालन गर्नमा चुकेका थिए। जब उनी परमेश्वरको आज्ञापालन गर्न असफल भए, तब परमेश्वरले उनलाई इस्राएलको राजा रहिरहनलाई अस्वीकार गर्नुभयो।

के कुनै त्यस्ता कुराहरू छन् जसमा पहिले तपाईं परमेश्वरको आज्ञापालन गर्नु हुन्थ्यो तर अहिले तपाईं ती कुराहरूमा परमेश्वरको आज्ञापालन गर्नलाई चुक्नु भएको छ ? कुनै एउटा वा दुईवटा त्यस्ता कुराहरूको सूची बनाउनुहोस् र यी क्षेत्रहरूमा परमेश्वरको आज्ञापलन गर्न सक्नु भएको होस् भनेर प्रार्थना र भक्तिका साथ प्रयास गर्नुहोस्।

**कथाको मूख्य सारः इस्राएलीहरूले राजाको माग गरे र परमेश्वरले तिनीहरूलाई शाऊल दिनुभयो।**

**पाठको समीक्षा गर्ने क्रियाकलाप : दुई समूह समीक्षा**

कुनै एउटा उपयुक्त समय पछि, शिक्षकले कार्ड अर्थात् कागजका टुक्राहरू संकलन गर्नुपर्नेछ र प्रत्येक समूहबाट सबैभन्दा राम्रो प्रश्न र उत्तरहरूको लागि इनाम वा उनीहरूले प्राप्त गर्ने उचित अंक दिनुपर्ने हुन्छ।

बालबालिकाहरूको हरेक कक्षामा दुईजना शिक्षकहरू राख्नु उत्तम हुन्छ। यदि त्यहाँ दुईजना शिक्षकहरू भए भने, प्रत्येक समूहमा एकजना शिक्षक समूहको अगुवा (कप्तान) हुन सक्छन्।

# रोचक घटना नं ४०

शिक्षक साहायता

# २ शमूएल ७:१-१६

**कथाको मूख्य सारः जसरी परमेश्वरले दाऊदलाई एउटा राजा हुनको लागि चुन्नुभयो, त्यसरी नै एकदिन परमेश्वरले एकजना मानिसलाई सदासर्वदा राजा हुनको लागि पठाउनु हुनेछ ।**

## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- कुनै एउटा समय अवधिमा दाऊद इस्राएल फर्किए र शान्त समयको आनन्द लिए । उनले धेरै युद्धहरू लडेका थिए । त्यस शान्तिको समयमा, उनले विचार गरे कि परमेश्वरको आराधना गर्नको लागि एउटा स्थायी ठाउँ हुनु एउटा राम्रो कुरा हो । अब बोकेर हिडिँरहनुपर्ने पाल त्यती उपयुक्त थिएन ।
- यो पहिलो पटक हो जब भविष्यवक्ता नातान यस दृश्यमा देखा पर्दछन् । दाऊदले नातानबाट यो सिके कि परमेश्वरको आराधना गर्ने ठाउँ बनाउने उनको त्यो मनशाय अलिक भरपर्दो थिएन ।
- इस्राएलीहरूले मिश्र छोडेदेखि नै, परमेश्वरले आफ्नो वासस्थान भेट हुने पालमा बनाउनुभएको थियो र त्यो परिवर्तन गर्नु आवश्यक थिएन ।
- तथापि दाऊदले यो कुरा सिके कि उनले परमप्रभुको निम्ति मन्दिर बनाउँने छैनन् तर परमेश्वरले उसको निम्ति एउटा "घर" बनाउनुहुनेछ । यो कुरा दाऊदबाट शुरू हुनेछ र यसको अन्त कहिल्यै हुनेछैन ।
- त्यस राज्य र सिंहासन यस्तो ठाउँ हुनेछ जहाँ दाऊदका घरानाबाट आउने परमेश्वरको पुत्रले सदासर्वदा शासन गर्नुहुनेछ ।
- दाऊदले यो कुरा स्पष्टरूपले बुझेका थिए कि एक दिन उनको राज्य पछि एक जना मसिह आउनुहुनेछ जो अनन्तका राजा हुनुहुनेछ ।
- वास्तविक रूपमा आराधना गर्ने मन्दिर दाऊदले निर्माण गर्न पाउने अनुमति थिएन । यद्यपि उनका छोरा, सलोमनले यो निर्माण गर्नुपर्ने थियो ।
- दाऊदले परमेश्वरको अतुलनीय महिमाको वर्णन गर्नु नै उनको परमेश्वरप्रतिको प्रशंसामय प्रतिक्रियाहरू मध्येको एउटा हो, ।
- उनले आफैलाई दासको रूपमा वर्णन गरेका छन्, उनले जम्मा १९-२९ पदहरूमा यस शब्दलाई दश पटकसम्म प्रयोग गरेका छन् ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

## २) पाठ शुरू गर्नुहोस्



रोचक घटना नं. ३७

१. जब इस्राएलीहरू परमेश्वरप्रति आज्ञाकारी हुनबाट चुकेकाछन्, तब परमेश्वरले के गर्नुभएको छ ?

२. न्यायकर्ता २:१-२३ पढ्नुहोस् ।

३. परमेश्वरले सधैँ अनाज्ञाकारितालाई सजाय दिनुभयो ।

४. परमेश्वरप्रति विश्वास योग्य हुनको लागि प्रार्थना गर्नुहोस् र सबै पापहरू उहाँमा स्वीकार गर्नुहोस् ।

रोचक घटना नं. ३८

१. न्यायकर्ताहरूको समयमा प्रशिद्ध दुई नायकहरू को को थिए ?

२. १ शमूएल ३ र रूथ १ पढ्नुहोस् ।

३. रूथ र शमूएल

४. प्रार्थना गरौं कि हामी पनि यस दुष्ट संसारमा येशूको लागि चम्किन सकौं ।

रोचक घटना नं. ३९

१. शाऊलले राजाको रूपमा राम्रो शुरूवात गरेका थिए । के कुरा गलत भएको थियो ?

२. १ शमूएल १३ र १५ पढ्नुहोस् ।

३. शाऊलको परमेश्वरप्रति आज्ञाकारी हृदय थिएन ।

४. परमेश्वरले उहाँप्रति एउटा ईमान्दार र आज्ञाकारी हुने हृदय दिनु भएकोहोस् भनेर प्रार्थना गर्नुहोस् ।

**पाठ शुरू गर्ने**
**क्रियाकलाप: सोध्नु, पढ्नु, कुरा गर्नु, प्रार्थना गर्नु**

अघिल्लो ३ वटा पाठहरूबाटको राम्रो समीक्षा गर्ने तरिकाले चारवटा मुख्य तत्वहरूमा ध्यान केन्द्रित गर्दछ ।

१. प्रश्न सोध्ने ।

२. बाइबल पढ्ने ।

३. यस विषयमा कुरा गर्ने ।

४. परमेश्वरलाई प्रार्थना गर्ने ।

## ३) पाठ सिकाउनुहोस्

त्यहाँ धेरै यस्ता मानिसहरू छन् जसले सोच्छन् कि तिनीहरू कोहि होइनन्, तिनीहरूसँग केहि छैन, र तिनीहरू केहि गर्नको लागि सक्षम पनि छैनन् । तिनीहरूसँग सीमित क्षमताहरू, स्रोत साधनहरू छन् र तिनीहरूले कोहि महत्वपूर्ण व्यक्तिहरूलाई पनि चिन्दैनन् ।

यस पाठमा हाम्रो मूख्य पात्रको अवस्था यस्तो छ । उनी तुलनात्मक रूपमा एक अपरिचित, पिछ्डिएको परिवारको कान्छो छोरा थिए । के तपाईंले आफ्नो लागि यस कुराबाट केहि आशा देख्नुहुन्छ ?

## कथा भन्नुहोस्

दाऊद किशोर अवस्थामा हुँदा नै इस्राएल भरी प्रतिष्ठित भएका थिए । जब इस्राएलका सम्पूर्ण सेनाहरू अति ठूलो मानिस गोल्यतदेखि डराई रहेका थिए, गोठालोको रूपमा विगतका अनुभवहरूको आधारमा गोल्यतलाई हराउन सक्छु भन्ने दाऊदलाई थाहा थियो । उनले सिंह र भालूहरू मारेका थिए । परमेश्वरको सहायताले, त्यस राक्षसलाई पनि उनले मार्न सके । दाऊद इस्राएलीहरूको माझमा प्रतिष्ठित मात्र नभएर उनी देशलाई नेतृत्व गर्नको लागि परमेश्वरद्वारा चुनिएका पनि थिए । यो दाऊदको लागि अझ महत्वपूर्ण कुरा थियो । दाऊदलाई इस्राएलको भावी राजा हुनको लागि तयार गर्दै शमूएलले एउटा निजी समारोहममा, उनलाई तेलले अभिषेक गरे । यद्यपि शाऊलको क्रोधबाट जोगिनलाई धेरै वर्ष बिताएकाछन् । त्यही क्रम चलिरहँदा कम्तीमा दुई पटक दाऊदले शाऊललाई मार्ने मौका पाएका थिए तर उनले त्यसो गर्न इन्कार गरे किनकि उनी परमप्रभुका अभिषिक्त राजालाई मार्न चाहँदैनथे ।

शाउल र उनका तीन छोराहरू युद्धको मैदानमा मरेपछि अन्तमा दाऊद यहुदाका राजा भए र पछि सम्पूर्ण इस्राएलका राजा भए । जसै इस्राएलका कुलहरूले दाऊदलाई उनीहरूको राजाको रूपमा अभिषेक गरेपछि, दाऊद यरूशलेममा गए र यबूसीहरूलाई पराजित गरे । पछि गएर, यो शहरलाई दाऊदको शहर भनिएको छ । यो शहर दाऊदको लागि सबैभन्दा महत्वपूर्ण शहर थियो । यो यति महत्वपूर्ण थियो कि उनी परमेश्वरको सन्दुकलाई यरूशलेममा ल्याउन चाहान्थे । त्यसकारण दाऊदले सन्दुकलाई ओबेद-एदोमको घरबाट यरूशलेममा ल्याउने प्रवन्ध गरेका थिए । जब सन्दुक आइपुग्यो, त्यहाँ ठूलो रमाहट भएको थियो !

सन्दुक आएको केहि समय पछि, दाऊदले यो कुरा महसुस गरे कि जब उनी आफू त राजाको घरमा बसिरहेका छन् भने सन्दुक पालमा राख्नु त विल्कुलै उचित हुँदैन । उनले परमेश्वरको निम्ति मन्दिर निर्माण गर्ने निर्णय गरे जुन अद्‌भुत हुनेछ । तर दाऊदका मित्र नातानले उनलाई भने कि परमेश्वरले अरू नै कसैले मन्दिर बनाएको चाहानुहुन्छ, दाऊदले होइन । त्यो अरू कोहि नभई उनको आफ्नै छोरा, सलोमोन थिए । त्यसैले सलोमोनलाई निर्माण गर्नको लागि आवश्यक पर्ने सबैथोकहरू पाउनलाई कुनै समस्या नहोस् भनेर दाऊदले मन्दिर निर्माणको लागि सबै तयारीहरू गरिदिए ।

तर परमेश्वर भने अर्कै प्रकारको घर बनाउनको लागि इच्छुक हुनुहुन्थ्यो । दाऊद र पछि गएर सलोमोनले पनि सन्दुकको लागि एउटा भौतिक घर बनाउन चाहान्थे । परमेश्वरले आफुलाई अनुसरण गर्ने र उहाँको आज्ञापालन गर्ने मानिसहरूबाट एउटा वंश वा राज्यको स्थापना गर्न चाहानुहुन्थ्यो । सन्दुकको लागि राम्रा राम्रा घरहरू हुनु भन्दा दाऊदको परिवार परमेश्वरप्रति वफादार हुने कुरामा परमेश्वरले बढी चासो राख्नुभएको थियो । परमेश्वरले दाऊदको उदाहरणलाई पछ्याउने र उहाँतर्फ हृदय भएका पुरूष र महिलाहरूको खोजी गर्दै हुनुहुन्थ्यो ।

जब परमेश्वरले दाऊदसँग यो करार गर्नुभयो, तब यो करार अब्राहामसँग गरिएको उहाँको करारसँग सम्बन्धित थियो । करिब १००० वर्ष अगाडि, परमेश्वरले अब्राहामलाई एउटा भूमि, धेरै सन्तानहरू र सबै मानिसहरूको लागि आशिष् हुने प्रतिज्ञा गर्नुभएको थियो । अब, भूमि र सन्तान सम्बन्धी प्रतिज्ञाहरू दाऊद मार्फत पूरा भए । एकपटक फेरी, परमेश्वरले आफ्नो प्रतिज्ञाहरूको सम्मान गर्नुभयो ।

### कथा भन्ने क्रियाकलापः दाउदको जीवनका ४० अध्यायहरू

- बाइबलका ४० अध्यायहरू दाऊदको जीवनीप्रति समर्पित गरिएका छन् ।
- जब शिक्षकले बालबालिकाहरूलाई कथा सुनाउनुहुन्छ, तब उनीहरूलाई दाऊदको जीवनमा घटेका महत्वपूर्ण घटनाहरूका बारेमा लेख्न व भन्न लगाउनुहोस् । केहि यस पाठमा भएका र केहि नभएका पनि हुन सक्छन् ।
- दाऊदको जीवनका महत्वपूर्ण घटनाहरूबारे तपाइँको कक्षासँग छलफल गर्नुहोस् । कुन कुराले उसलाई परमेश्वरको हृदय भएको मानिस बनायो ? केहि पहिचान नभएको व्यक्तिलाई कसरी परमेश्वरले राजा हुनको लागि उठाउनुभयो ?

## कण्ठ गर्नुपर्ने पद

**२ शमूएल ७:१६ (टि.बी.एस)** - अनि तिम्रो घराना र तिम्रो राज्य तिम्रो सामु सधैंका निम्ति दृढ रहनेछ; तिम्रो राज्य तिम्रो सिंहासन सधैंका निम्ति स्थापित हुनेछ ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्राय: यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

दाऊदले बजाउने जस्तै विणाहरू कार्डबोर्डबाट बनाउनुहोस्, त्यसमा तार वा धागो हाल्नुहोस्, र तपाईंले "राजाको लागि गीत" गाईरहेको बजाईरहेको जस्तो गर्न लगाउनुहोस् ।

"राजाको लागि गीत" एउटा उत्सवको गीत हो, जुन शमूएलले शाऊललाई पहिलो राजाको रूपमा घोषणा गरे र त्यसको प्रतिक्रिया स्वरूप इस्राएलीहरूले गाएर शुरू भएको थियो, जुन राज शासन हुँदै परमेश्वरले प्रतिज्ञा गर्नुभएको दाऊदको घरानाबाट आउने अनन्त राजाको पर्खाइमा शोकपूर्ण गीतमा परिणत हुन्छ, तर अन्तत येशू नै त्यस प्रतिज्ञाको राजा हुनुहुन्छ भनि थाहा पाएर हर्षमा यसको अन्त हुन्छ ।

**कण्ठ गर्नुपर्ने पद**
**क्रियाकलाप: उफ्रनुहोस्**

कण्ठ गर्ने पदको वाक्याशंहरूलाई ठूला ठूला अक्षरहरूमा कागजको पानाहरूमा लेख्नुहोस् । ती पदका वाक्याशंहरू लेखिएको कागजहरूलाई मिश्रित रूपमा एक पाईलामा भेट्न सकिने गरि टेपले भुइँमा टाँस्नुहोस्।बालबालिकाहरूले ती वाक्याशंहरू उच्चारण गर्दै एक पटकमा एउटा वाक्याशंमा क्रम मिलाउदै टेक्नु पर्नेछ । प्रत्येक बालबालिकाहरूलाई यो क्रियाकलाप गर्ने मौका दिनुहोस् ।

## ४) पाठको समीक्षा गर्नुहोस्

सहमत/असहमत भनाईहरू (यदि तपाईं असहमत हुनुहुन्छ भने, किन असहमत हुनुहुन्छ ?)

१. गोल्यतलाई मार्न सकिन्छ भनेर दाऊदलाई थाहा थियो किनभने उसले पहिले अरू राक्षसहरूलाई मारेको थियो । (असहमत, किनभने उसले सिंह र भालुहरू मारेको थियो राक्षसहरूलाई होइन ।)

२. मोशाले गोप्य रूपमा दाऊदलाई इस्राएलका राजाको रूपमा नियुक्त गरेका थिए । (असहमत, दाऊदलाई शमूएलले अभिषेक गरेका थिए मोशाले होइन् ।)

३. यरूशलेम शहरलाई कहिलेकाँही दाऊदको शहर पनि भनिन्छ । (सहमत)

४. नातानले दाऊदलाई भने कि अब्शालोमले परमेश्वरको निम्ति मन्दिर निर्माण गर्नुपर्छ। (असहमत, नातानले दाऊदलाई भने कि सलोमोनले यो निर्माण गर्नुपर्छ।)

५. परमेश्वरले अब्राहामलाई गर्नुभएको प्रतिज्ञा आंशिक रूपमा दाऊदको माध्यमबाट पूरा भएको थियो । (सहमत)

## ५) पाठ लागु गर्नुहोस्

राजा दाऊदमा परमेश्वरको आज्ञापालन गर्ने र परमेश्वरको सेवा गर्ने हृदय थियो। उनले केहि गल्तीहरू गरे तर आफ्नो जीवनको प्रायजसो समय उनले परमेश्वरलाई प्रेम र आदर गर्ने छनौट गरेका छन् ।

तपाईँले चिन्नुभएको त्यस एउटा व्यक्ति को हो जसले तपाईँलाई यस कुराको सम्झना गराउँदछ ?

तपाईँले कसरी कुनै अन्य मानिसहरूलाई उनीहरू यस्तै हुन सक्छन् भन्न सक्नुहुन्छ ?

**कथाको मूख्य सारः जसरी परमेश्वरले दाऊदलाई एउटा राजा हुनको लागि चुन्नुभयो, त्यसरी नै एकदिन परमेश्वरले एकजना मानिसलाई सदासर्वदा राजा हुनको लागि पठाउनु हुनेछ ।**

**पाठको समीक्षा गर्ने क्रियाकलापः सहमत र असहमत भनाईहरू**

यी भनाईहरूमा सहमती वा असहमती जनाउनको लागि बालबालिकाहरूले एकदमै रमाइलो मान्नेछन् । उनीहरूलाई सहमती वा असहमती जनाउनको लागि तपाईँको आफ्नै केहि थप भनाईहरू पनि राख्न सक्नुहुन्छ ।

**पाठ लागू गर्ने क्रियाकलापः हेर्नुहोस्, गर्नुहोस्, भन्नुहोस्**

यदि बालबालिकाहरूले दाऊदको जस्तो हृदय भएको मानिसहरू को हो र उनीहरू कसरी यस्तो हुन सके भनि बताउन सक्षमभ भएको खण्डमा उनीहरूले दाऊदको हृदय वास्तवमा कस्तो प्रकारको थियो भनि अझ धेरै जान्न अर्थात् सिक्न सक्नेछन् ।

# रोचक घटना नं ४१

# भजनसंग्रह २ र २२

शिक्षक साहायता

**कथाको मूख्य सारः दाऊदले भविष्यका शासकको बारेमा लेखेका छन् जो पृथ्वीमा शासन गर्न आउने वाला हुनुहुन्थ्यो ।**



## १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- भविष्यमा शैतान माथिको विजयको अवधारण नयाँ थिएन। आदम र हव्वाले दाऊद भन्दा हजारौं वर्ष अघि यस भावी शासकको बारेमा सिकेका थिए ।
- परमेश्वरले अब्राहामलाई यस्तो प्रतिज्ञा गर्नुभयो कि सबै जातिहरूले उनको वंशबाट आशिष् पाउनेछन् । पछि गएर, हामी जान्दछौं कि *"यहुदाबाट राजदण्ड हट्नेछैन ।"* (उत्पत्ति ४९:१०) । अर्थात्, शासक यहुदाको वंशबाट आउनुहुनेछ ।
- इस्राएलमा आफ्नो शासनकाल अघि र शासनकालको अवधिमा दाऊदले धेरै भजनहरू लेखेका थिए, जुन शताब्दीयौं देखि परमेश्वरका मानिसहरूले प्रयोग गर्दै आईरहेका छन् । ७० भन्दा बढि भजनहरू दाऊदले लेखेका छन् ।
- ती भजनहरू मध्ये कम्तीमा दुईवटा भजनहरूले परमप्रभुको करारको बारेमा कुरा गर्दछन् जुन कष्टको साथमा आउनेछन् ।
- दाऊदलाई उनका शत्रुहरूबाट परमप्रभुले दिनुभएको छुट्काराको वर्णन गर्ने भजनहरू अचम्म मान्नु पर्ने खालका छैनन् । परमप्रभुले दाऊदको लागि के गर्नु भयो भन्ने कुराहरू वर्णन गर्ने भजनहरू पनि अचम्म मान्नु पर्ने खालका छैनन् । यी भजनहरूमा दाऊदको हृदयबाट एउटा नयाँ तथ्यको प्रकाश हुन्छ कि उनका भावी वंशहरू पीडित हुनेछन् र उनीहरूलाई परमप्रभुको सहायताको आवश्यकता हुनेछ ।
- भजनसंग्रहका यी भजनहरू मसीह केन्द्रित छन् किनकि तिनीहरूले ख्रीष्टको जीवन, मृत्यु, पुनरूत्थान, र भविष्यको शासनको कुरा गर्दछन् । भजन न. २ ले राष्ट्रहरूको विद्रोह र उहाँको अनन्त शासनको स्थापना गर्न येशू ख्रीष्टको आगमनको वर्णन गर्दछ । भजन २ लाई प्रायजसो नयाँ करारमा उल्लेख गरिएको पाईन्छ (प्रेरित ४ र १३, हिब्रू १, र प्रकाश २, १२, र १९) ।
- भजन २२ का विवरणहरूले रोग, पिडाको होइन तर निन्दा गर्नेहरूको न्यायको वर्णन गर्दछ । थाहा हुन आएको कुनै पनि घटनाले दाऊदको जीवनमा यस विवरणसँग मेल खाँदैन । बरू, यस घटनाले दाऊदको भावी सन्तान येशू ख्रीष्टको मृत्युलाई चित्रण गर्दछ ।

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ । शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ । क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो । बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन् । पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ । जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस् । कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ । यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस् । यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

समयरेखाः
संयुक्त राज्य

## २) पाठ शुरू गर्नुहोस्

पछिल्ला केहि महिनाहरूमा हामीले अध्ययन गरेका समय अवधिहरूको समीक्षा गरौं ।

- क्रमबद्ध रूपमा, यी समय अवधिहरू के के हुन् ? (संसारको शुरूवात, राष्ट्रको शुरूवात, भूमि अधिकार गर्ने, र संयुक्त राज्य)

  हरेक समय अवधिमा हामीले भेटेका केहि व्यक्तिहरू को को हुन् ?

  १) संसारको शुरूवातः आदम र हव्वा, लुसिफर, कयिन, नोआ र मूर्तिपूजकहरू

  २) राष्ट्रको शुरूवातः अब्राहाम, सारा, इसाहक, रिबेका, याकुब, योसेफ, मोशा र फारो

  ३) भूमि अधिकार गर्नेः यहोशू, गिदोन, र शमूएल

  ४) संयुक्त राज्यः शाउल र दाऊद

- यी प्रत्येक समय अवधिका केहि मूख्य विषय वस्तुहरू के के हुन् ?

  १) संसारको शुरूवातः परमेश्वर शक्तिशाली हुनुहुन्छ । मानिसहरू उहाँको विशेष र असल मित्र हुनको लागि बनाइएका थिए । पापले संसारमा प्रवेश गऱ्यो । परमेश्वरले पापको लागि सजाय दिनुभयो ।

  २) राष्ट्रको शुरूवातः परमेश्वरले विशेष प्रतिज्ञाहरू गर्नुभयो । परमेश्वरले आफ्ना मानिसहरूलाई दासत्वबाट छुटाउनुभयो ।

  ३) भूमि अधिकार गर्नेः परमेश्वरले भूमिमा प्रवेश गराउने आफ्नो प्रतिज्ञा पूरा गर्नु भयो ।

  ४) संयुक्त राज्यः परमेश्वरले उहाँका मानिसहरूका लागि विशेष शासकहरू दिनुभयो ।

**पाठ शुरू गर्ने क्रियाकलापः बल टस**

आफ्नो कक्षाका विद्यार्थीहरूलाई गोलो घेरामा बस्न लगाएर एउटा कुनै पनि प्रकारको बल दिनुहोस् । उक्त बल पालैसँग एकअर्कालाई गुडाएर दिन लगाउनुहोस् । जब कुनै बालबालिकाले बल समाउँछ, त्यस बालबालिकालाई प्रश्नको पहिलो भागको उत्तर दिन लगाउनुहोस् । यदि उनीहरूले गलत जवाफ दिएको खण्डमा त्यहि बेला उत्तर सच्याउने कार्य नगर्नुहोस् । उक्त बालबालिकालाई अर्को प्रश्नको लागि बल अर्को बालबालिकातर्फ गुडाउन लगाउनुहोस् ।

## ३) पाठ सिकाउनुहोस्

दाऊद एक योद्धा, शासक, राजा र एक भजन लेखक थिए । उनी परमेश्वरद्वारा यी सबै कुराहरू गर्नको लागि सक्षम बनाइएका थिए । परमेश्वरले दाऊदलाई विशेष कार्यहरू गर्नको लागि विशेष क्षमताहरू दिनुभएको थियो ।

जब तपाईं दाऊदको जीवनको बारेमा विचार गर्नुहुन्छ, तपाईंको सोचमा आउने उनका केहि विशेष क्षमताहरू र विशेष कार्यहरू के के हुन् ?

दाऊदको लागि सांगीतिक वाद्यवाधनको रूपमा सधै नै वीणा विशेष थियो । सानै देखि उनले वीणा बजाउन सिकेका थिए । उनका दाईहरू योद्धा र सिपाहीहरू थिए जो इस्राएलको रक्षा गर्न युद्धमा गएका थिए । तर, दाऊदले वीणा बजाउने र भेडाहरूको हेरचाह गर्ने काम गरे । यो काम खासै महत्वपूर्ण देखिँदैन, हैन त ? गोठालाहरूलाई कहिले पनि शासक अर्थात् अगुवाको रूपमा मानिदैन थियो । यो एउटा साधारण व्यक्तिको लागि एउटा साधारण काम मात्र थियो । वीणा बजाउनु एउटा राम्रो कुरा त थियो तर त्यसको पनि वास्तविक मान्यता भने थिएन । जब तिनी सानै थिए, दाऊदको बारेमा, सबैले यस्तै नै मात्र सोचेका थिए, ।

जसै दाऊद ठूलो हुँदै गए, राजा शाऊलको वरिपरिका मानिसहरूले राजाको लागि दाऊदले वीणा बजाएको चाहान्थे । अब, शायद दाऊदको सांगीतिक क्षमताहरूलाई वास्तवमा परमेश्वरले प्रयोग गर्दै हुनुहुन्थ्यो । दाऊदको सङ्गीतले वास्तवमै राजा शाऊललाई प्रोत्साहित गऱ्यो र उनलाई खराब मनस्थितीबाट बाहिर निस्कन मद्दत गरेको थियो । शायद, दाऊदले यो कुरा देख्न शुरू गरेको हुनुपर्छ कि परमेश्वरले उनको सांगीतिक सीपहरूलाई प्रयोग गर्दै हुनुहुन्थ्यो । तपाईंले भन्न सक्नुहुन्छ कि परमेश्वरले दाऊदलाई यो विशेष काम गर्नको लागि नै यी विशेष क्षमताहरूले अभिषेक गर्नुभएको थियो । परमेश्वरले दाऊदलाई विशेष कामको लागि विशेष क्षमताहरूले अभिषेक गर्नुभएको हामीले देखेको यो अन्तिम पटक थिएन ।

दाऊदले राजा बन्नु भन्दा अघिबाटै आराधनाको लागि सङ्गीत लेख्न शुरू गरी सकेका थिए । हामी तिनीहरूलाई भजनसंग्रह भन्छौं । उनी राजा भएपछि उनले अझ धेरै भजनहरू लेखेका थिए । जहाँ सम्म हामीलाई थाहा छ, दाउदले ७० भन्दा बढि भजनहरू लेखेका छन् । तिनीहरू मध्ये कुनैले परमेश्वर को हुनुहुन्छ भनि उहाँको प्रशंसा गर्न प्रोत्साहित गर्दछन् । कुनै भजनहरूले परमेश्वरलाई खुशी पार्नुमा इस्राएलको विफलतालाई लिएर विलाप गरेको पाईन्छ । दाऊदका केहि भजनहरूले उनको पाप र परमेश्वरको पापक्षमाको बारेमा बताउँदछन् । दाऊदले धेरैवटा विषयहरूमा भजनहरू लेखे । परमेश्वरप्रति उनको प्रेम भजनसंग्रहमा व्यक्त गरिएको थियो ।

भजनसंग्रहमा उनले लेखेका विषयहरू मध्ये एउटा महत्वपूर्ण विषय चाहिँ आउने वाला शासकको विषयमा थियो । ती आउने वाला शासकले दुःख भोग्नु पर्नेछ भन्ने कुरा शायद इस्राएलका मानिसहरूको लागि आश्चर्यको कुरा थियो तरै पनि दाऊदको धेरै भजनहरूमा यो कुरा प्रकट गरेका छन् । यी भजनहरूलाई मसीही भजनहरू भनिन्छ किनकि उनीहरू आउँदै गरेको मसीहको जीवन, मृत्यु, पुनरूत्थान र भविष्यको शासनको बारेमा कुरा गर्दछन् । ती मसीहको बारेमा भविष्यवाणीहरू हुन् । इस्राएलका मानिसहरूले एक जना शासक अर्थात् मसीहको अपेक्षा गरिरेहेका थिए । तिनीहरूले दुःख भोग्ने मसीहको आशा कहिले पनि गरेनन् । दुई सय वर्ष पछि, यशैयाले पनि यी दुःख भोग्ने मसीहको विषयमा लेखेका थिए ।

मसीही भजनहरू महत्वपूर्ण छन् किनकि तिनीहरूले परमेश्वरको एउटा महान् कथालाई प्रकट गर्दछन् । यस कथा मसीहको व्यक्तित्वमा केन्द्रित रहेको छ । पुरानो करारमा मसीह, धेरै नै परिचित नाम थियो, अब उहाँ आउनुहुनेछ र दुःख भोग्नुहुनेछ । नयाँ करारका लेखकहरूले यी भजनहरूलाई नियमित रूपमा पुनः उल्लेख गरेको पाईन्छ । मसीह यहुदाको वंशबाट आउनु हुनेछ । मसीह जसले दुःख भोग्नु हुनेछ । मसीहले विश्वासीहरूलाई संसारमाथि शासन गर्न सक्षम तुल्याउनु हुनेछ । मसीहको बारेमा दाऊदले लेखेका यी आराधनाका सङ्गीतहरूले हामीलाई यस कुराको जानकारी दिन्छ कि त्यहाँ एक जना भावी शासक आउँदै हुनुहुन्छ जसले सारा पृथ्वीमाथि शासन गर्नुहुनेछ ।

**कथा भन्ने क्रियाकलाप: मनपर्ने भजनसंग्रह**

- ७० वटा भन्दा बढि भजनहरू दाऊदले लेखेका छन्, भजनसंग्रह २३ बाहेक के तपाईंले अन्य दाऊदका भजनसंग्रहहरू बताउन सक्नुहुन्छ ?
- बालबालिकाहरूलाई भजनसंग्रहमा उनीहरूको मनपर्ने पदको बारेमा र यो उनीहरूलाई किन मनपर्छ भनि भन्न लगाउनुहोस् ।

## कण्ठ गर्नुपर्ने पद

**भजनसंग्रह २२:१ (टि.बी.एस)** - हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन्। यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो। स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन्। तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ।

## बाइबलीय क्रियाकलाप

दाऊदले लेखेका भजनहरू मध्येबाट एउटा भजन छान्नुहोस्, र तपाईंको बालबालिकाहरूलाई यी शब्दहरूमा लय हाल्नको लागि सहायता गर्नुहोस्। भजनसंग्रह २३ एउटा राम्रो विकल्प हुनसक्छ। भजनसंग्रहसँग सँगै पढ्नुहोस्, र प्रयोग गर्न सकिने धुन अर्थात् लयहरू बनाउने कोसिस गर्नुहोस्। उपायः तपाईंको कक्षालाई थाहा भएको कुनै एउटा परिचित लोक भाकाको लय पनि प्रयोग गर्नसक्नुहुन्छ। जब तपाईंले यस क्रियाकलापको तयारीको लागि भजनसंग्रहको पुस्तकलाई हेर्नुहुन्छ, तब अहिलेका धेरै भजन गीतहरू भजनसंग्रहको पुस्तकबाट लेखिएका रहेछन् भनी तपाईंले महसुस गर्नुहुनेछ जसमा केहि शब्दहरू वा सबै शब्दहरू नै जस्ताको तस्तै पनि लिइएका छन्। तपाईंलाई पहिले नै थाहा भएको लयहरूको टिपोट गर्नुहोस् र यस समयमा ती लयहरू अर्थात् धुनहरूको विचार गर्नुहोस्। तपाईंको कक्षामा सृजनात्मक वातावरण ल्याउनको लागि एउटा धुन दिमागमा सोचि राख्नुहोस्, र उनीहरूले गरेको हरेक प्रयासलाई प्रोत्साहित गर्नुहोस्। शुरूमा यो प्रयास गर्नु डरलाग्दो, गाह्रो लाग्न सक्छ तर शुरू गरिसकेपछि यो धेरै रमाइलो हुन्छ !

**पद कण्ठ गर्ने क्रियाकलापः कक्षाको वरिपरी**

बालबालिकाहरूलाई गोलो घेरामा बस्न लगाउनुहोस् र कुनै गीतको धुन बजाउँदै कण्ठ गर्ने पद लेखिएको कागजको टुक्रा एकअर्कालाई पास गर्न लगाउनुहोस्। जब गीत रोकिन्छ तब जसको हातमा त्यो कागजको टुक्रा हुनेछ उसले पद भन्ने प्रयास गर्नुपर्छ। सबैजनालाई सम्पूर्ण पद कण्ठ नभएसम्म यो क्रियाकलाप निरन्तर गर्नसक्नुहुन्छ।

## ४) पाठको समीक्षा गर्नुहोस्

यस पाठबाट सिक्नुपर्ने पाँच महत्वपूर्ण कुराहरू कक्षामा केहि स्वयंसेवकहरूले बोर्ड वा कागजको ठूलो टुक्रामा सूची बनाउनु पर्छ जुन सबैले देख्न सक्ने ठाउँमा होस् ।

उदाहरणको लागि:

१) दाऊदले ७० भन्दा बढि भजनहरू लेखेका थिए ।

२) केहि भजनहरूले मसीहले दु:ख भोग्ने कुराको संकेत गर्दछन् ।

३) नयाँ कराररले यी मसीहको विषयमा लेखिएको भजनहरूको उल्लेख गरेको पाईन्छ ।

४) येशूले क्रुसमा आफ्नो मृत्युको समय पूरानो करारबाट उद्धृत गर्नु भएको थियो ।

५) दाऊद अभिषिक्त व्यक्ति थिए । परमेश्वरले उनलाई विशेष कार्यको लागि विशेष क्षमताहरू दिनुभएको थियो ।

## ५) पाठ लागु गर्नुहोस्

परमेश्वरले राजा दाऊदलाई उहाँले दिनुभएको विशेष कार्यहरू गर्नको लागि विशेष क्षमताहरू दिएर अभिषेक गर्नुभएको थियो ।

तपाईंलाई परमेश्वरले गर्न दिनुभएको कुनै विशेष कार्यहरू के के हुन सक्छन् ? ती कार्यहरू गर्नको लागि परमेश्वरले तपाईंलाई कसरी तयार पार्नुभएको छ ?

**कथाको मूख्य सार: दाऊदले भविष्यका शासकको बारेमा लेखेका छन् जो पृथ्वीमा शासन गर्न आउने वाला हुनुहुन्थ्यो ।**

**समीक्षा गर्ने**
**क्रियाकलाप: ५ लेखकहरू**

पाँच जना स्वयंसेवकहरू-लाई कक्षाको अगाडि आएर पाठबाट सिक्न पर्ने एउटा एउटा महत्वपूर्ण कुराहरू लेख्न लगाउनुहोस् । यी किन महत्वपूर्ण छन् भनि सोध्नुहोस् ।

# रोचक घटना नं ४२

## १ राजाहरु ६

**कथाको मूख्य सारः सोलोमनले परमेश्वरको लागि मन्दिर निर्माण गरे ।**

### १) पाठको अध्ययन गर्नुहोस् (कक्षामा जानु अघि)

- सोलोमन इस्राएलका तेस्रो राजा थिए र उनी अहिले सम्म बाँचेकाहरू मध्ये सबैभन्दा बुद्धिमान व्यक्ति थिए। यद्यपि उनले परमप्रभुलाई बुद्धिको लागि अनुरोध गरेका थिए, उनले एउटा यस्तो प्रचलन शुरू गरे कि जसले इस्राएलमा उनको शासनलाई अप्रभावशाली बनाएको थियो । उनले सयौं विदेशी महिलाहरूसँग विवाह गर्न शुरू गरे। यसो गर्नाले उनी आफ्नो बुवाले दिएका अन्तिम शब्दहरूको विरूद्धमा गए । यी पत्नीहरूले उनको हृदयलाई परमप्रभु परमेश्वरबाट टाढा लैजान्थे ।
- सोलोमनको शासनकालको अन्तिम १० वर्षको बारेमा धेरै उल्लेख गरिएको छैन । उनले अन्त सम्म पनि पापको पश्चात्ताप गरेनन् । उनको व्यक्तिगत जीवनले उनको सार्वजनिक जीवनसँग सम्झौता गऱ्यो ।
- उनका बुवा जस्तै सोलोमन पनि एक महान् लेखक थिए, र उनले करिब ३००० हितोपदेशहरू लेखेका थिए जुन हितोपदेशको पुस्तकमा पाउन सकिन्छ । उनले १००० भन्दा बढि गीतहरू लेखे । उनले आफ्नो शासनको शुरूवातमा श्रेष्ठगीत र शासनको अन्त्य तिर उपदेशक लेखे ।
- सोलोमनको सबैभन्दा ठूलो उपलब्धिचाहिँ परमप्रभुको लागि मन्दिर निर्माण गर्नु थियो। उनले इस्राएलमा शासन गरेको चौथो वर्षमा मन्दिरको निर्माण शुरू गरे। यो अद्भुत संरचना बनाउन साढे ७ वर्ष लागेको थियो ।
- जसै सोलोमोनले झुटा देवताहरूको पूजा गर्ने कुरालाई समर्थन गरे, राजा शाऊलको जस्तै उनले परमप्रभुमा गरेको प्रतिवद्धता परिवर्तन हुन थाले ।
- यदि सोलोमन परमप्रभुमा वफादार रहिरहेको खण्डमा सोलोमनको माध्यमबाट दाऊदको सिंहासन सदाको लागि स्थापित गर्ने प्रतिज्ञा परमेश्वरले गर्नुभयो । यद्यपि, सोलोमनले परमेश्वरबाट तर्केर गएका कारण परमप्रभुले राष्ट्रलाई पूर्ण सुरक्षा र संरक्षण प्रदान गर्नुभएन। परमेश्वरले आफ्नो प्रतिज्ञाको सम्मान गर्नुभयो तर सोलोमन विश्वासयोग्य भएनन् ।

**शिक्षक साहायता**

शिक्षकको निर्देशनको लागि पाठलाई पाँचवटा मुख्य भागहरूमा विभाजन गरिएको छ। शिक्षण प्रक्रियाको प्रत्येक भागहरू महत्वपूर्ण छन् र प्रभावकारी रूपमा शिक्षा दिनका निम्ति ती पाँचैवटा भाग पालन गर्नु पर्छ। क्रमबद्ध बाइबल शिक्षा बालबालिकाहरूलाई सुसमाचार प्रचार गर्ने र चेला बनाउने एउटा उत्तम तरिका हो। बालबालिकाहरूले बाइबलका कथाहरू जानेपछि बाइबलका परमेश्वरलाई चिन्नेछन् र कसरी उहाँलाई विश्वासद्वारा स्वीकार गर्नुपर्छ भन्ने पनि जान्नेछन् ।

यी पाँचवटा चरणहरू पाठ सिकाउनका लागि महत्वपूर्ण भागहरू हुन्। पाठ पढाउनुभन्दा अघि तयारी गर्नु अति नै आवश्यक हुन्छ अनि कक्षा हुने दिनसम्म पनि यो गरिनुपर्छ। जब कक्षाको समय शुरू हुन्छ पाठको परिचय कुनै यस्तो धारणा वा तरिकाद्वारा प्रस्तुत गर्नुहोस्, जसले विद्यार्थीहरूलाई सिक्ने प्रक्रियामा सहभागी हुन उत्साह प्रदान गरोस्। कथाको शिक्षा विभिन्न प्रकारले: मुखले भनेर, गाएर, बाइबलका पदहरू कण्ठ गरेर अनि विभिन्न कार्यहरू गरेर दिन सकिन्छ। यो पाठ र यो भन्दा पहिलेको पाठहरू अवश्य दोहोऱ्याएर हेर्नुहोस्। यो पाठ पढाई सकेपछि अन्त्यमा सायद सबैभन्दा महत्वपूर्ण कुरा तपाईंको कक्षालाई अपनाउनपर्ने वा लागू गर्नुपर्ने केहि कुराहरू दिनुहोस् ताकि जसले उनीहरूलाई जीवन जीउन मद्दत गरोस् ।

समयरेखाः
संयुक्त राज्य

## २) पाठ शुरू गर्नुहोस्

तपाईंहरू बाइबलको एउटा महान् कथा सिक्दै हुनुहुन्छ भनि तपाईंको कक्षालाई स्मरण गराउनुहोस् । जबकि बाइबलमा धेरै कथाहरू छन्, ती सबै कथाहरू बाइबलको एउटा मुख्य विषयसँग वा कथासँग सम्बन्धित छन् । यो एउटा आशाको कथा हो । त्यसैकारण, तपाईंको विद्यार्थीहरूलाई त्यो कथा बुझ्नको लागि र सबै पाठहरूलाई एकसाथ मिलाउनको लागि सहायता गर्न, हामी अगाडिका पाठहरूको समीक्षा गर्नेछौं । "**हामीले बाइबलमा अध्ययन गरेका मुख्य घटनाहरू के के हुन् ?**" भनेर सोध्नुहोस् ।

- परमेश्वर सधैं हुनुहुन्थ्यो र उहाँ धेरै शक्तिशाली हुनुहुन्छ ।
- परमेश्वरले पृथ्वी र यसमा भएका सबैथोक सृष्टि गर्नुभयो ।
- परमेश्वरले मानिसहरूलाई उहाँको विशेष मित्र हुनको लागि बनाउनुभयो ।
- लुसिफर, वा शैतानले, आदम र हव्वालाई छल गऱ्यो । र उनीहरूले परमेश्वरको आज्ञा उल्लङ्घन गरेर पाप गरे ।
- परमेश्वरले विश्वब्यापी जलप्रलय पठाउनुभयो जसले पृथ्वीमा भएका सबै जीवजन्तु र पंक्षीहरूलाई नष्ट गऱ्यो । परमेश्वरले नोआ र उनको परिवारलाई बचाउनुभयो किनभने नोआ धर्मी व्यक्ति थिए ।
- परमेश्वरले अब्राहामसँग विशेष प्रतिज्ञा गर्नुभयो ।
- अब्राहामले मोरिया पर्वतमा, आफ्नो छोरा इसाहकको सट्टामा थुमाको वलिदान चढाए ।
- याकुबले परमेश्वरको दूतसित कुस्ती खेले र नयाँ नाम, इस्राएल पाए ।
- विशेष विपत्ति र छुटकाराको माध्यमबाट, परमेश्वरले इस्राएलीहरूलाई मिश्रबाट बाहिर निकाल्नुभयो ।
- इस्राएलीहरूले पालना गर्नुपर्ने दस आज्ञा नामक नैतिक नियम परमेश्वरले स्थापना गर्नुभयो ।
- परमेश्वरको सहायताद्वारा, इस्राएलीहरूले प्रतिज्ञाको भूमिमा प्रवेश गरे ।
- परमेश्वरले दाऊदलाई राजा हुनको लागि चुन्नुभयो । उहाँले एक दिन सदाको लागि राजा हुनको लागि एकजनालाई पठाउनुहुनेछ ।

**पाठ शुरू गर्ने क्रियाकलापः मुख्य घटनाहरू**

समीक्षा गर्नु चाहिँ सिकाईको एउटा महत्वपूर्ण भाग हो । यहाँ १९ वटा घटनाहरू सूचीगत गरिएका छन् । प्रत्येक घटनाहरूलाई कागजको छुट्टा छुट्टै पानाहरूमा वा पोस्टरमा र बोर्डमा लेख्नुहोस् र बालबालिकाहरूलाई घटनाहरू क्रमैसँग मिलाएर राख्न लगाउनुहोस् । उनीहरूलाई २ वा ३ जनाको सानो समूहमा विभाजन भई सँगै मिलेर यो काम गर्न दिनुहोस् । प्रत्येक समूहले यी घटनाहरू सही क्रममा मिलाएर राख्नको लागि कति समय लिन्छन् सो हेर्नुहोस् । जित्ने समूहको लागि पुरस्कारको व्यवस्था पनि गर्न सक्नुहुन्छ ।

## ३) पाठ सिकाउनुहोस्

तपाईंको आफ्नै "इच्छा सूची" को बारेमा सोच्नुहोस् । यदि तपाईंले आफूले चाहेको केहि कुराहरू पाउनुभयो भने, तपाईंले यो "इच्छा सूची" मा के-के राख्नुहुन्छ ?

अब, यदि तपाईं परमेश्वरसँग केहि माग्न जाँदैहुनुहुन्छ भने, तपाईं यस "इच्छा सूची" मा भएको केहि कुराहरू मात्र माग्नु हुन्छ वा अरू केहि यसमा थप्नुहुन्छ ? यदि अरू केहि थप्नुहुन्छ भने, तपाईं परमेश्वरसँग के माग्नुहुनेछ ?

## कथा भन्नुहोस्

यो एउटा यस्तो उच्च उपाधि हो जुन अरू कुनै मानवले कहिल्यै पाउन सक्दैन: सारा जगतमा सबैभन्दा बुद्धिमान मानिस । यो काम अरू कसैले गर्न नसक्ने काम थियो: परमप्रभुको लागि मन्दिर निर्माण गर्ने । कस्तो राम्रो शुरूवात र कस्तो अविश्वस्नीय स्रोतसाधनहरू ! वास्तवमै सोलोमनले एउटा महान् राजा हुनको लागि गर्नुपर्ने कामहरू गरेका थिए । त्यसमाथि, परमेश्वरले उसलाई ईच्छा गरेको कुनै पनि कुरा माग्ने अवसर दिनुभयो र जब उसले परमेश्वरबाट आफूले चाहेको वरदान बुद्धिको छनौट गऱ्यो तब उसले अत्यन्त राम्रो छनोट गऱ्यो । सोलोमन एउटा बुद्धिमान राजा, महान् बुवाआमाको साथमा एउटा महान् काम गर्नको लागि तयार थिए । सोलोमन र इस्राएल राष्ट्रको लागि उत्साहको समय अगाडी आईरहेको थियो ।

राजा बनेको चार वर्षपछि सोलोमनले परमप्रभुको मन्दिर निर्माण गर्न शुरू गरे । यो एउटा अति नै शानदार संरचना थियो जुन निर्माण गर्न सात वर्ष लाग्यो । यो निर्माण गर्नको लागि सठीक निर्देशनहरू परमेश्वरद्वारा नै दिइएको थियो । उच्चतम गुणस्तरका सामाग्रीहरू प्रयोग गरिएको थियो । मन्दिर निर्माण गरिसकेपछि, सोलोमनले बाहिरी चोकको बीचमा एउटा पित्तलको मंच बनाए जहाँ उनले प्रार्थना गरे र नयाँ मन्दिरलाई परमप्रभुको लागि समर्पण गरे । सोलोमनलाई थाहा थियो कि मानव-निर्मित भवन जतिसुकै सुन्दर भए पनि ब्रम्हाण्ड बनाउने परमेश्वरलाई यसले समेट्न सक्दैनथ्यो । सोलोमनले उनको पिता दाऊदले बनाउन चाहेको मन्दिर निर्माण गरे । र अब, उनको बाह्र वर्षको शासनकालमा यो पूरा भयो ।

शायद, यहीँ समय देखि नै सोलोमनको जीवनमा कुराहरू गलत हुन थाले । उनले विदेशीहरूसँग सन्धिहरू र राजनैतिक गठबन्धनहरू गर्न थाले जुन कामले परमप्रभु परमेश्वरलाई प्रसन्न तुल्याएको थिएन । उनले धेरै स्त्रीहरू विवाह गरे जो परमप्रभुको भक्ति गर्नेहरू स्त्रीहरू थिएनन् । वास्तवमा, यी विदेशी स्त्रीहरूले उनको हृदयलाई पनि परमेश्वरबाट टाढा बनाईदिएका थिए । यी विदेशी स्त्रीहरूले परमप्रभुको होइन, मूर्तिहरूको पूजा गर्ने गर्दथे । तर, सोलोमनलाई यो कुराले खास फरक पारेन ।

सोलोमनले हजारौं हितोपदेश र एक हजार भजनहरू लेखेका थिए जसमा उनले परमप्रभु मात्र एक सत्य परमेश्वर हुनुहुन्छ भनि घोषणा गरेका थिए । उनले विवाहमा हुने प्रेमको बारेमा एउटा पुस्तक लेखेका थिए । तर, ती सबै उनको जीवनको अन्तमा हराईसकेका थिए र उनको हृदय आफ्नो पिताको जस्तो परमेश्वरप्रति वफादार रहेन । हो, दाऊदले आफ्नो जीवनभरि नै उहाँप्रति वफादार हृदय राखेका थिए । तर, सोलोमन आफ्नो जीवनको अन्तमा आएर परमप्रभुप्रति आफ्नो प्रतिबद्धतामा एकदम कमजोर भए ।

वास्तवमा, उनले आफ्नो जीवनको अन्तमा, जीवन कति अर्थहिन छ भनि पुस्तक नै पनि लेखेका छन् । उनको हृदय चिसो भईसकेको थियो । उनले अब यहोवेलाई प्रेम गर्दैन थिए । राजाको रूपमा उनको शासनकालको शुरूवातमा त्यस्तो उत्साहपूर्ण समय र अन्तमा यस्तो दु:खद । सोलोमनप्रति परमेश्वरको प्रेम स्थिर रह्यो तर परमेश्वरप्रति सोलोमनको प्रेम भने स्थिर रहेन ।

**कथा भन्ने क्रियाकलाप: असल शुरूवात र खराब अन्त्य**

बालबालिकाहरूलाई बाइबलमा भएका अरू मानिसहरूको बारेमा विचार गर्न लगाउनुहोस् जसले शुरूवात असल गरे र अन्तमा गएर खराब गरे । केहि सुझावको रूपमा यी निम्न व्यक्तिहरू समावेश हुनसक्छन्:

- कयिन
- लोत
- शैतान
- उजाडस्थानमा इस्राएलीहरू

किन यी मानिसहरू र सोलोमनले उनीहरूको जीवनभरी ईमान्दारिता साथ परमेश्वरलाई प्रेम गरेनन् ?

## कण्ठ गर्नुपर्ने पद

**२ इतिहास ७:१४ (टि.बी.एस)** - यदि मेरो नामले कहलाइएका मेरा जनहरूले आफूलाई विनम्र तुल्याए, प्रार्थना गरे र मेरो चेहेराको खोजी गरे अनि आफ्ना दुष्ट चालहरूबाट फर्के भने म स्वर्गबाट सुन्नेछु, उनीहरूको पाप क्षमा गरिदिनेछु र उनीहरूको देशलाई निको पारिदिनेछु ।

## स्तुति-प्रशंसा आराधना

स्तुति-प्रशंसा र आराधना गर्ने तरिकाहरू संसारभरि फरक-फरक रहेको पाईन्छन् । यो पाठ्यक्रमको उद्देश्य भनेको विषयवस्तुसँग मिल्दो जुल्दो भजनहरू छान्नु उत्तम हुन्छ भनि सुझाव दिनु हो । स्तुति-प्रशंसा र आराधना सम्बन्धी भजनहरू प्रायः यूट्यूबमा पनि राखिएका हुन्छन् । तापनि शिक्षकले आफ्नो स्वतन्त्र इच्छा अनुसार त्यस्तै पाठसँग मिल्दो जुल्दो भजनहरू छान्न सक्नुहुन्छ ।

यस पाठका निम्ति "मुक्ति छ हाम्रो प्रभुमा (कोरस नं. ८९)" बोलको भजन गाउने सल्लाह दिईन्छ ।

## बाइबलीय क्रियाकलाप

"निर्माण गर्ने वा भत्काउने ?" तपाईंको बालबालिकाहरूलाई यो प्रश्न सोध्नुहोस्: "कुन कुरा सजिलो छ, केहि कुरा निर्माण गर्न वा केहि कुरा भत्काउन ?" (भत्काउन) यो किन सत्य हो ? (तपाईंसँग निर्माण गर्नको लागि सीप र योजना हुनुपर्दछ र त्यसलाई ठीकसँग गर्नको लागि धैर्यता हुनुपर्दछ ।) किन भत्काउन एकदम सजिलो छ ? (तपाईंले यसको लागि दक्ष, होशियार वा धैर्य हुनुपर्दैन ! केवल बल प्रयोग गरेर यो गर्न सकिन्छ ।)

यदि सम्भव हुन्छ भने, केहि ईंटा वा सामाग्रीहरू ल्याउनुहोस् जसले मन्दिरको निर्माण गर्ने कामलाई प्रतिनिधित्व गर्दछ । सोलोमनले मन्दिर बनाएको कुरा वर्णन गरिएको १ राजाहरू ६ का केहि भागहरू तपाईंले पढ्दै गर्दा बालबालिकाहरूलाई सोलोमनले निर्माण गरेको मन्दिरको संरचना कोर्न लगाउनुहोस् । एउटा चमकदार रंगको कपडा ल्याउन सक्नुहुन्छ, २१ पदमा भनिए अनुसार सुनको साङ्लोहरूको लागि केहि गहनाहरू, धूपको प्रतिनिधित्व गर्नको लागि केहि मसलाहरू आदि ल्याउन सक्नुहुन्छ । तपाईंले भवन निर्माण गरिसकेपछि, कसैलाई हितोपदेश ४:२३ पढ्न लगाउनुहोस् - "आफ्नो हृदय पूरा यत्नसित सम्हालेर राख; किनकि यसैबाट जीवनका धाराहरू निस्कन्छन् ।"

यो नै सोलोमनको ठूलो भूल थियो, उनले आफ्नो हृदयको रक्षा गरेनन् र यसको परिणाम स्वरूप उनी गलत बाटोमा लागे, जुन बाटोले उनलाई परमेश्वरबाट टाढा लग्यो र इस्राएल राष्ट्रलाई नष्ट गरिदियो । के तपाईंलाई लाग्छ कि सोलोमनले यो पद पढेका भए उत्तम छनौटहरू गर्ने थिए ? अनुमान लगाउन सक्नुहुन्छ ? सोलोमनले नै यस पदलाई लेखेका हुन् !! हो ! यो सत्य हो । तपाईंले देख्नुभयो, कि असल कुराहरू जान्नु मात्र पर्याप्त छैन । हामीले बाइबलका परमेश्वरको आज्ञापालन गर्नुपर्दछ । बालबालिकाहरू, आउ हामी अहिले नै एउटा प्रतिबद्धता गरौं कि हामी हाम्रो सम्पूर्ण जीवनभरी परमेश्वरप्रति आज्ञाकारी हुनेछौं ! यो हरेक दिन एकपटक तपाईंको हृदयको रक्षा गरेर शुरू हुन्छ ।

**पद कण्ठ गर्ने क्रियाकलापः रिले दौड**

दुईवटा समूह बनाउनुहोस् । समूहबाट करिब ३ फिटको दूरीमा ठूला अक्षरहरूमा कण्ठ गर्ने पदका शब्दहरू लेखेर राख्नुहोस् । बालबलिकाहरूलाई दगुरेर गएर पदमा भएका शब्दहरू एउटा-एउटा गरि पालैसँग ठूलो स्वरमा सबैले सुन्ने गरी पढ्न लगाउनुहोस् । जब हरेक बालबालिकाले आफ्नो शब्द पढ्छन्,तब उसले कक्षामा गएर लाइनमा उभिएको अर्को व्यक्तिलाई छुनुपर्छ र उसले पनि त्यस्तै गर्नुपर्छ, यस प्रक्रियालाई तब सम्म दोहोऱ्याउनुहोस् जब सम्म पदका सबै शब्दहरू पढी सकिदैनन् ।

यसलाई तबसम्म दोहोऱ्याउनुहोस् जब सम्म पद कण्ठ हुँदैन ।

## ४) पाठको समीक्षा गर्नुहोस्

कक्षालाई दुई समूहमा विभाजन गर्नुहोस् । सोलोमनको जीवनको बारेम सकेसम्म धेरै कुराहरू लेख्नको लागि उनीहरूलाई एक मिनेटको समय दिनुहोस् । यहाँ तल केहि उद्धाहरणहरू छन्:

- सोलोमनले ३००० हितोपदेशहरू लेखे ।
- सोलोमनले १००० भन्दा बढी प्रशंसाका भजनहरू लेखे ।
- सोलोमनले धेरै विदेशी स्त्रीहरूसँग विवाह गरे जसले उनको हृदय परमेश्वरबाट टाढा लगिदिए ।
- सोलोमनले उनको शासनकालको चौथो वर्षमा मन्दिर निर्माणको कार्य शुरू गरे ।
- मन्दिर निर्माण गर्न सोलोमनलाई साढे ७ वर्ष लाग्यो ।

## ५) पाठ लागु गर्नुहोस्

प्रत्येक बालबालिकाहरूलाई दुई-दुईवटा चित्र बनाउन लगाउनुहोस् ।

- चित्र नं. १: तपाईंलाई सोलोमन जस्तो हुन मन लागेको देखाउने एउटा चित्र बनाउनुहोस् ।
- चित्र नं. २: एउटा चित्र यस्तो बनाउनुहोस् जसले तपाईं सोलोमन जस्तो हुन चाहानुहुन्न भन्ने देखाउँदछ ।

यी चित्रहरू मध्ये एउटा चित्र छान्नुहोस् र यस हप्ता असल काम गर्नको लागि कडा मेहेनत गर्नुहोस् ।

**कथाको मूख्य सार: सोलोमनले परमेश्वरको लागि मन्दिर निर्माण गरे ।**

**पाठको समीक्षा गर्ने क्रियाकलाप: एक मिनटको सूची**

शिक्षकले पाठको बारेमा जति सक्दो धेरै तथ्यहरूको सूची बनाउन प्रत्येक समूहलाई एक मिनटको समय दिनुपर्दछ ।

एक मिनेट सकिएपछि, उनीहरूले बनाएको सूचीको तुलना गर्नुहोस् र कसले धेरै तथ्यहरू लेखेका छन् सो हेर्नुहोस् । तपाईंले तथ्य कुराहरू खोज्दै हुनुहुन्छ भनि बालबालिकाहरूले याद गर्नुपर्छ भनेर निश्चित गर्नुहोस् ।